# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## भुक्तानी प्रणाली विभाग

अ. प्रा. निर्देशन नं:-६/०७५ मिति:-२०७५/०५/१४

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय, उपत्यका बाहिरस्थित कार्यालयहरु एवम् यस विभागबाट भुक्तानी सम्बन्धी कार्य गर्न अनुमति लिएका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्था/संयन्त्रहरु ।

**विषयः- <u>वार्षिक वित्तीय विवरण सार्वजनिक/प्रकाशन गर्नुपुर्व स्वीकृति लिने सम्बन्धमा</u> ।**

महाशय,

यस बैंकबाट भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था/संयन्त्रले आ.व. २०७५/०७६ देखि वार्षिक वित्तीय विवरण प्रकाशन/सार्वजनिक गर्नुपूर्व यस बैंकबाट स्वीकृति लिनुपर्ने सम्बन्धमा देहाय बमोजिमका मापदण्ड एवम् प्रक्रियागत व्यवस्था कायम गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०३ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१ यस बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक (बैंक तथा वित्तीय संस्थाहरु बाहेक) संस्था/संयन्त्रहरुले वित्तीय विवरण सार्वजनिक/प्रकाशन गर्नुपूर्व अपनाउनुपर्ने प्रकृयागत व्यवस्थाहरु सम्बन्धमा ।

(क) संस्थाको सञ्चालक समितिबाट वार्षिक आर्थिक कारोवारको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी सोको जानकारी अनिवार्य रुपमा यस बैंकलाई दिनुपर्ने,

(ख) अनुमतिपत्र प्राप्त संस्था/संयन्त्रहरुले प्रत्येक आर्थिक वर्षको साउन १ देखि असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्षको रुपमा मान्नु पर्नेछ । तर संस्था संस्थापना भएको पहिलो वर्ष संस्थापना मिति देखि असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्षको रुपमा मान्नुपर्ने,

(ग) अनुमतिपत्र प्राप्त संस्था/संयन्त्रहरुले प्रचलनमा रहेका लेखामान/लेखापरीक्षण तालिकाहरुको प्रयोग गरी लेखा परीक्षण गराउनुपर्ने,

(घ) अनुमतिपत्र प्राप्त संस्था/संयन्त्रहरुले आर्थिक वर्ष समाप्त भएको चार (४) महिना भित्रमा लेखापरीक्षण सम्पन्न गर्नुपर्ने छ । उक्त लेखा परीक्षण प्रतिवेदन संस्थाको सञ्चालक समितिबाट निर्णय गरी १ महिना भित्र यस बैंकमा पेश गर्नुपर्ने,

(ङ) संस्थाको लेखापरीक्षण गर्दा आर्थिक विवरणको अतिरिक्त संस्थागत सुशासन सम्बन्धी नीतिगत व्यवस्थाहरु, प्रमुख जोखिम पहिचान तथा सोको न्युनीकरण गर्न गरिएका व्यवस्थाहरु र लेखा नीतिहरुको समेत विश्लेषण गरी पेश गर्नुपर्ने,

(च) संस्थामा परिपालना (Compliance) विभाग/इकाई गठन गरी संस्थाको प्रवन्धपत्र, नियमावली, यस बैंकबाट जारी गरिएका निर्देशन, परिपत्र, सूचना, आदेशहरुको परिपालन एवंम् संस्थाले पारित गरी लागु गरेका नियम, नीति, मार्गदर्शन तथा आर्थिक कारोवारहरुको निरन्तर रुपमा परीक्षण गर्नुपर्ने,

(छ) संस्थाको आन्तरिकलेखा परिक्षण विभाग/इकाईबाट प्रत्येक ६/६ महिनामा वित्तीय विवरणको परीक्षण गरी उपयुक्त माध्यमबाट प्रकाशन/सार्वजनिक गर्नुपर्ने ।

२ यस बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक (बैंक तथा वित्तीय संस्थाहरु बाहेक) संस्था/संयन्त्रहरुले वित्तीय विवरण सार्वजनिक/प्रकाशन गर्नुपूर्व यस बैंकमा देहाय बमोजिमका विवरणहरु पेश गरी स्वीकृति लिनुपर्ने ।

(क) संस्थाको नाफा नोक्सान विवरण तथा वासलात, (अनुसूची सहित)

(ख) लेखापरीक्षण प्रतिवेदन र सञ्चालक समितिको प्रतिक्रिया,

(ग) संस्थाको वार्षिक आर्थिक कारोवार/गतिविधि समावेश भएको संक्षिप्त प्रतिवेदन,

(घ) नगद प्रवाह विवरण,

(ङ) प्रत्येक आर्थिक वर्षको असार मसान्तको दिन संस्थामा देखिएको मौज्दात र सेटलमेन्ट बैकको सेटलमेन्ट खातामा रहेको मौज्दातको विवरण ।

भवदीय,

(देवकुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय,
२. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग,
३. श्री बैंक सुपरिवेक्षण विभाग,
४. श्री विकास बैंक सुपरिवेक्षण विभाग,
५. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग,
६. श्री बैंकिङ कार्यालय थापाथली,
७. श्री नेपाल राष्ट्र बैंक, जिल्लास्थित कार्यालयहरु,
८. श्री नेपाल बैंकर्स एसोशियसन,
९. श्री डेभलपमेन्ट बैंकर्स एसोशियसन,
१०. श्री नेपाल वित्तीय संस्था संघ,
११. श्री नेपाल लघुवित्त वित्तीय संस्था संघ,
१२. श्री भुक्तानी प्रणाली सञ्चालक,
१३. श्री भुक्तानी सेवा प्रदायक ।